श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

सूचना

प्रशासन व्यवस्था विभागका सचिव श्री मङ्गलकृष्ण श्रेष्ठ संयुक्त अधिराज्यमा अध्ययन भ्रमण गर्न प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८. २ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही विभागका सह-सचिव डा. पुरुषोत्तम सुवेदीलाई मिति २०३८।६।२४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

सूचना

पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री रामनारायण श्रेष्ठ संघीय गणतन्त्र जर्मनीको अध्ययन भ्रमणमा प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री मुक्तिप्रसाद कापलेलाई मिति २०३८।६।२४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

सूचना

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव डा. दिव्यदेव भट्ट संयुक्त अधिराज्यमा अध्ययन भ्रमण गर्न प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका सह-सचिव श्री मदनमान अमात्यलाई मिति २०३८।६।२४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८०